# खुला सरकार साझेदारी

## नेपालको सन्दर्भ

# खुला सरकार साझेदारी – नेपालको सन्दर्भ

विश्वभरी नै सरकारहरूले खुला, जवाफदेही र उत्तरदायी शासन प्रोत्साहन गर्न पाइला चालिरहेका छन् । यी आकांक्षाहरू २०३० एजेण्डाको १६ औं लक्ष्यमा प्रतिबिम्बित भएको पाइन्छ । यो प्रचलनलाई सहयोग गरिरहेको विश्वव्यापी पहल हो– खुला सरकार साझेदारी (Open Government Partnership) । खुला सरकार साझेदारीले सरकारको खुलापनलाई सहयोग पुग्ने योजना, नीति तथा अभ्यासहरू लागू गर्न विकसित तथा विकासशील गरी विश्वका ७० देशहरूलाई सहयोग गरेको छ । नेपाल अहिले खुला सरकार साझेदारीको सदस्य त छैन तर सदस्यता लिन योग्य भने छ । यो अभिमुखीकरणले नेपालका लागि खुला सरकार साझेदारीको सदस्य बन्ने सन्दर्भ तथा खुला सरकारका सिद्धान्तहरूको प्रतिबद्धताका सम्बन्धमा जानकार बनाउँछ ।

## खुला सरकार साझेदारी सम्बन्धमा

खुला सरकार साझेदारी सरकार तथा नागरिक समाजमा रहेका सुधार अभियान्ताहरूको सरकारलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउने अन्तर्राष्ट्रिय साझेदारी हो । यी लक्ष्यहरू प्राप्त गर्न खुला सरकार साझेदारीले पारदर्शीता प्रवर्द्धन, नागरिक सहभागीता प्रतिनिधित्वलाई प्रोत्साहन, भ्रष्टाचारविरुद्ध लडाईंका लागि मद्दत गर्नुका साथै नयाँ प्रविधि उपयोगका सम्बन्धमा सरकारको प्रतिबद्धता सुनिश्चित गर्दछ । यी प्रतिबद्धताहरूले सरकारलाई अझ बढी खुला बनाउने लक्ष्य राखेको हुन्छ, जसबाट सर्वसाधरणको सरकारप्रतिको विश्वास अभिवृद्धि हुनुका साथै आर्थिक वृद्धिका लागि लगानीको वातावरण र द्वन्द्व तथा हिंसा निम्त्याउनसक्ने गुनासोहरूलाई समेत कम गर्छ ।

खुला सरकार साझेदारी सन् २०११ मा औपचारिक रुपमा संयुक्त राष्ट्रसंघको महासभामा ब्राजिल, इण्डोनेसिया, मेक्सिको, नर्वे, फिलिपिन्स, दक्षिण अफ्रिका, बेलायत तथा संयुक्त राज्य अमेरिका जस्ता आठ देशका सरकार प्रमुख तथा नौ जना नागरिक समाजका नेतृत्वबाट सुरु

भएको हो। सुरुवातदेखि आठबाट हालै सदस्यता लिएका आइभोरी कोस्ट, पपुवा न्यगिनी तथा श्रीलंकासमेत गरी ७० पुगिसकेको छ।

खुला सरकार साझेदारीको एउटा महत्वपूर्ण विशेषता के हो भने यसले खुला तथा पारदर्शी सरकारको प्रबर्द्धन गर्न राष्ट्रिय तहका सुधार प्रक्रियामा सरकार र नागरिक समाजलाई समान साझेदारका रुपमा प्रस्तुत गर्दछ। यस प्रक्रिया नागरिक समाज तथा सरकारी अधिकारीबीच संवाद गराउनुका साथै सरकार प्रमुखहरूसँग वर्षमा दुईपटक कार्ययोजनासहितको उच्चस्तरीय राजनीतिक प्रतिवद्धता खोज्ने संयन्त्र तयार गर्छ। खुला सरकार साझेदारीका माध्यमबाट २,७०० राष्ट्रिय प्रतिवद्धताहरू (National Commitments) तयार भएका छन्, जुन विश्वका दुई अर्बभन्दा बढी जनतालाई खुला सरकारी प्रणालीको लाभ प्रदान गर्न तर्फ लक्षित गरिएको छ। यी राष्ट्रिय प्रतिवद्धताहरू सूचनासम्बन्धी कानूनहरू अनुमोदन तथा आधुनिकीकरण गर्ने, सरकारी स्वतन्त्रता आधुनिकीकरण गर्ने, सरकारी तथा निजी क्षेत्रमा भ्रष्टाचारविरुद्धका विभिन्न उपायहरू अबलम्बन गर्ने तथा नीति निर्माणमा नागरिकहरूको सहभागिता अभिवृद्धि गर्न नागरिकहरूसँग संवादको संयन्त्र विकास गर्ने दिशामा केन्द्रीत छन्।

## खुला सरकारका चार सिद्धान्तहरू

खुला सरकार घोषणापत्र अनुमोदनमार्फत् राष्ट्रहरूले 'नागरिकहरूका लागि परिणाममुखी तथा २१औं शताब्दीको सहभागितामूलक सरकारलाई अग्रता दिनका लागि विश्व-व्यापी संस्कार विकास गर्ने' प्रतिवद्धता गरेका छन् । खुला सरकार साझेदारीमा सहभागी देशहरूको प्रतिवद्धता –

- सरकारको कामकारबाहीका बारेमा सूचनाको उपलब्धता बढाउने
- नागरिक सहभागितालाई सहयोग गर्ने
- प्रशासनमा उच्च व्यवावसायिक सदाचारको मापदण्ड लागू गर्ने
- खुलापन र जवाफदेहिताका लागि नयाँ प्रविधिमा पहुँच बढाउने

## नेपालका लागि खुला सरकार साझेदारीमा सहभागी हुनुको अर्थ के हुन्छ?

नेपालमा विगत एक दशकदेखि खुला सरकार भित्र र बाहिर दुवैतिरबाट खुला सरकारलाई समर्थन गर्ने काम भैरहेको छ। सार्वजनिक वित्तिय व्यवस्थापन, स्थानीय सुशासन, खुला तथ्यांक, नागरिक सहभागिता, विद्युतीय–शासन जस्ता हस्तक्षेपहरू यसै सोच अनुरुप भएका छन् । खुला सरकार साझेदारीको औपचारिक सदस्यताले यस्ता साझा उद्देश्यहरूमा समन्वय तथा सशक्तीकरण गर्ने संरचना प्रदान गर्छ। खुला सरकार साझेदारी अन्तर्गत सान्दर्भिक प्रतिवद्धताहरूले तथ्यांकमा पहुँच र प्रयोग तीव्र रुपमा वृद्धि गरी दीगो विकासका लागि गरिने हस्तक्षेपलाई प्रभावकारि बनाउँछ। जुन सन् २०३० सम्मको विकास लक्ष्यप्राप्तिमा सहयोगी हुनेछ ।

सन् २०१५ को सेप्टेम्बर महिनामा संविधान जारी भएपछि नेपाल एकात्मक संरचनाबाट संघीय शासन प्रणालीतर्फ अघि बढेको छ । नेपालका विभिन्न तहका सरकार तथा उपराष्ट्रिय

निकायहरूलाई तिनीहरूको आफ्नो अधिकार क्षेत्रभित्रको निर्णय प्रक्रियामा ठूलो स्वायत्तता प्राप्त हुनेछ। खुला सरकार साझेदारीको सदस्यताले विकेन्द्रीकरणतर्फ केन्द्रीत खुला सरकारी नीतिका लागि समर्थन निर्माण गर्छ जसले उनीहरूको जीवनमा प्रभाव पार्ने निर्णयका सम्बन्धमा नागरिक समाज र स्थानीय सरकारबीच संवादको स्तर वृद्धि गर्छ। खुला सरकार साझेदारीको सदस्यका रुपमा नेपालले नागरिक सहभागिता वृद्धि गर्ने, स्थानीय शासन प्रणालीमा सुधार गर्ने तथा सहयोगी नीति र प्राविधिक नवीनताका माध्यमबाट उत्तम विकास प्रतिफल हासिल गर्ने सम्बन्धमा सदस्य देशहरूका श्रेष्ठतम् अभ्यासहरूको विनिमय गर्न सक्छ।

खुला सरकार साझेदारीको सदस्यता नेपालको दीगो विकास लक्ष्य हासिल गर्नका लागि सहयोगी हुनेछ । लक्ष्य १६ ले स्पष्टरुपमा 'सबै तहहरूमा प्रभावकारी, जवाफदेहि तथा समावेशी संस्थाहरू निर्माण गर्ने' परिकल्पना गर्नुका साथै सरकार खुला र नागरिकहरूप्रति प्रतिबद्ध हुनुपर्ने घोषणा पनि गरेको छ। नागरिक समाजलाई आवश्यक विकासका विस्तृत तथ्यांक वितरण गरेर नेपाल सरकारले विकास कार्यक्रममा सुधार ल्याउन, विकासका कामहरूमा निगरानी राख्न, नवीन सोच तथा आर्थिक वृद्धिमा योगदान पुऱ्याउन उनीहरूको सहयोग प्राप्त गर्न सक्छ।

| खुला सरकार साझेदारी सदस्यता लिदाँ सरकारलाई फाइदा | खुला सरकार साझेदारी सदस्यता लिँदा नागरिक समाजलाई फाइदा |
| --- | --- |
| • सुधार र सुधार अबलम्बनका लागि राजनीतिक इच्छाशक्ति प्रदर्शन गर्ने अन्तर्राष्ट्रिय मञ्च<br>• आन्तरिक र अन्तर्राष्ट्रिय सहयोग तथा सहकार्य परिचालन गर्ने राष्ट्रिय प्रक्रिया<br>• अन्य देशका सरकारसँग सिक्ने र श्रेष्ठतम् अभ्यासहरू आदानप्रदान गर्ने थलो<br>• सरकारमा विश्वसनीयता अभिवृद्धि तथा नागरिकहरूलाई संवादमा आवद्ध गर्ने अवसर<br>• नागरिक समाजको सीप र विज्ञता उपयोग गर्ने अवसर<br>• पारदर्शिता र जवाफदेहिताका माध्यमबाट सरकारको कार्यसम्पादन क्षमता सुधार गर्ने विधि | • सरकारसँग संवाद गर्ने र नागरिक समाजको आवश्यकता र सोचलाई अघि बढाउने राष्ट्रिय मञ्च<br>• नागरिक समाजलाई परिचालन गर्ने र विभिन्न मुद्दा, देश र क्षेत्रमा बहुसरोकारवालाहरूको गठबन्धन निर्माण गर्ने अवसर<br>• सदस्य देशहरूबीच सूचना विनिमयबाट नागरिकसमाजका सशक्तिकरण<br>• सरकारसँग संलग्न हुने र सहकार्यमा एजेण्डा तयार गरी आपसी उत्तरदायित्वको भावना अभिवृद्धि गर्ने अवसर |

# नेपाल कसरी खुला सरकार साझेदारीको सदस्य बन्न सक्छ ?

खुला सरकार साझेदारीको सदस्य बन्नुपूर्व नेपालले सबैभन्दा पहिले यी चार क्षेत्रको योग्यता मापदण्ड पूरा गर्नुपर्छ ।

- **वित्तिय पारदर्शिता (Fiscal Tranparency) :** आधारभूत बजेट जवाफदेहिता र खुला बजेट प्रणालीलाई सुदृढ गर्नका लागि बजेट सम्बन्धि अत्यावश्यक बजेट सम्बन्धि दस्तावेजहरू समयमा प्रकाशनको न्यूनतम मापदण्ड पूरा गर्नुपर्छ । अर्थ मन्त्रालयले बजेट प्रस्ताव र लेखा परिक्षण प्रतिवेदन सार्वजनिक गर्ने भएकाले नेपालले यो मापदण्ड पूरा गरेको छ ।

- **सूचनामा पहुँच (Access to information) :** सर्वसाधरणको सूचनाको अधिकार र सरकारी तथ्यांकमा पहुँचलाई सुनिश्चितता प्रदान गर्ने कानूनहरू खुला सरकार साझेदारीमा सहभागी हुने अत्यावश्यक तत्त्व हो । नेपालले नागरिकको यो अधिकार सुनिश्चित गर्न सन् २००७ मा सूचनाको अधिकार सम्बन्धि ऐन जारी गरेको छ ।

- **निर्वाचित अथवा उच्च सरकारी अधिकारीको बारेमा सार्वजनिक जानकारी (Disclosures related to elected or senior public officers) :** निर्वाचित र उच्च पदस्थ अधिकारीहरूको आम्दानी र सम्पत्तिको विवरण सार्वजनिक गर्नु खुला सरकार साझेदारीमा प्रवेश गर्न अत्यावश्यक तत्व हो । नेपालमा पनि यो नियम प्रचलनमा छ । उदाहरणका लागि, मन्त्रीहरूले सम्पत्ति घोषणा तथा आवधिक रुपमा खर्चको विवरण प्रकाशन गर्नुपर्छ । तर नियमहरू प्रभावकारी रुपमा कार्यान्वयन हुन नसक्नु दुर्भाग्यपूर्ण छ ।

- **नागरिक सहभागिता (Citizen engagement) :** खुला सरकारका लागि नीति निर्माण तथा शासन प्रणालीमा नागरिकको सहभागिता आवश्यक हुन्छ । त्यस्तै आधारभूत नागरिक स्वतन्त्रताको संरक्षण गरिनुपर्छ । ईआईयू डेमोक्रेसी इण्डेक्स २०१५ (EIU Democracy Index 2015) मा नेपालको स्थानबाट नेपालले यो मापदण्ड पनि पूरा गरेको छ ।

  नेपालले खुला सरकार साझेदारी मूल्यांकनमा यी चार क्षेत्रमा ८१ प्रतिशत प्राप्त गर्छ जबकी न्यूनतम ७५ प्रतिशत अनिवार्य हुन्छ । यसको अर्थ नेपाल खुला सरकार साझेदारीको

सदस्यता प्राप्तिका लागि योग्य छ। सदस्य बन्नका लागि सरकारले उच्च स्तरीय सरकारी घोषणापत्र अनुमोदन गर्नुपर्दछ। साथै सार्वजनिक परामर्श तथा छलफलका आधारमा तयार पारिएको कार्य योजना र यसका प्रगतिहरूको सम्बन्धमा स्वतन्त्र प्रतिवेदन प्रणालीको प्रतिबद्धता आवश्यक हुन्छ। यसका लागि नेपाल सरकारले निम्न काम गर्नुपर्छ :–

१) **सदस्य बन्ने इच्छा राख्दै खुला सरकार साझेदारीलाई सो आशयको पत्र (Letter of intent) पठाउने :** सम्भव भएसम्म संसद् अथवा कम्तिमा मन्त्रिपरिषद्बाट खुला सरकार साझेदारीका सिद्धान्तहरूमा प्रतिवद्धता जनाउने। त्यसपछि सदस्यताको चाहना राख्दै प्रधानमन्त्री कार्यालयबाट एउटा पत्र प्राप्त हुनुपर्छ। यस्तो चाहना राखेर खुला सरकार साझेदारीमा सहभागी हुन सरकारका कुनै पनि कार्यालयलाई चिठी लेख्न प्रधानमन्त्रीले स्वीकृति दिएको हुनुपर्छ।

२) **खुला सरकार साझेदारीमा सहभागी हुने प्रक्रिया सम्बन्धमा काम गर्न प्रतिनिधि सरकारी कार्यालयको (Lead government agency) व्यवस्था गर्ने :** आशयपत्र पठाइसकेपछि नेपाल सरकारलाई खुला सरकारको सिद्धान्त प्रतिविम्वित भएका मूर्त प्रतिबद्धताहरूसहितको कार्ययोजनाको मस्यौदा तयार गर्न एक वर्षको समयावधि हुन्छ। सबैभन्दा पहिले कुन कार्यालयले प्रतिनिधि कार्यालयका रूपमा समन्वय गर्ने हो टुंगो लगाउनुपर्छ, उदाहरणका लागि– प्रधानमन्त्री कार्यालय, अर्थ मन्त्रालय वा राष्ट्रिय सूचना आयोग।

३) **नेपालका लागि राष्ट्रिय कार्ययोजना तयार गर्ने (National action plan) :** राष्ट्रिय कार्ययोजनाले पारदर्शिता, जवाफदेहिता तथा सर्वसाधरणको सरकारमा सहभागितालाई मूर्त रुप दिन खुला सरकार साझेदारीमा सहभागी हुने बखतमा देखिएकोजस्तो राजनीतिक इच्छाशक्तिलाई व्यवहारमा उतार्नुपर्छ। विकास प्रक्रियाभर नागरिक सहभागितालाई वृद्धि गर्न सरकारले एउटा बहुसरोकारवाला संवाद संयन्त्र गठन गर्नुपर्छ।

४) **खुला सरकार साझेदारी प्रतिवेदन संयन्त्रको व्यवस्थाबाट (OGP's reporting system) स्वमूल्यांकन प्रतिबद्धता तथा प्रगतिको स्वतन्त्र अनुगमन गर्ने व्यवस्था :** नेपालद्वारा व्यक्त प्रतिवद्धताको उपलब्धि अनुगमन खुला सरकार साझेदारीको स्वतन्त्र संयन्त्रबाट हुनेछ।

## खुला सरकार साझेदारीमा सहभागिताको मार्गचित्र




*सन्दर्भ तस्वीर : खुला सरकार साझेदारी*

### थप अध्ययन

- खुला सरकार साझेदारी पुस्तिका:
  http://www.opengovpartnership.org/about
- खुला सरकार घोषणापत्र:
  http://www.opengovpartnership.org/node/2727
- अन्तर्राष्ट्रिय प्रतिवेदन प्रणाली:
  http://www.opengovpartnership.org/irm/about-irm
- खुला सरकार साझेदारी सञ्चालक समिति:
  http://www.opengovpartnership.org/ogp-steering-committee
- खुला सरकार साझेदारी कार्य योजना:
  http://www.opengovpartnership.org/how-it-works/develop-a-national-action-plan

*ओपेन नेपाल (Open Nepal) खुला तथ्यांक (Open Data) उत्पादन, वितरण तथा प्रयोग गर्ने व्यक्ति तथा संस्थाहरूका लागि ज्ञान तथा सिकाइ केन्द्र हो। तथ्यांक क्रान्ति, खुला तथ्यांक, सूचनामा पहुँचजस्ता शीर्षकहरूमा नेपालमा सामुदायिक अभ्यासलाई समेत साथै लिएर ओपेन नेपालले एउटा मञ्च तयार गरेको छ जसमा सरोकार राख्नेहरूले तथ्यांक तथा सूचना प्रयोग र वितरणमा आफ्ना अनुभवहरू बाँड्न तथा साझा समस्याहरूमा निकास निकाल्न सामूहिक पहल गर्न सक्छन्।*

Open Nepal

/OpnNepal @Open__Nepal

**www.opennepal.net**